का.जि.प्र.का.द.नं. १००/०५९/६०
❒ वर्ष १८, अंक १२८
❒ १८ असार २०७७, बिहीबार
❒ 2 July 2020, Thursday
www.madhyanhadaily.com
पृष्ठ ४ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily    राष्ट्रिय दैनिक

| अपडेटः बुधबार साँझसम्म | संक्रमित | निको भएको | परीक्षण गरिएको | आइसोलेसनमा | मृत्यु |
|---|---|---|---|---|---|
| नेपालमा | १४०४६ जना | ४६५६ जना | २३३२२७ | ९३६० | ३० जना |

स्रोत : स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

| | संक्रमित | निको भएको | मृत्यु भएको | उपचारत |
|---|---|---|---|---|
| विश्वभर | १ करोड ६ लाख ३० हजार | ५८ लाख ३३ हजार | ५ लाख १५ हजार | ४२ लाख ८१ हजार |

स्रोत : वर्ल्डोमिटर डटकम

### प्रधानमन्त्रीलाई सुझाव

# पार्टी निर्णय नमाने अनिष्ट

**सत्तारूढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का अध्यक्ष एवम् प्रधानमन्त्री केपी शर्मा ओलीले स्थायी कमिटीका नेताहरूबाट बुधबार सुझाव लिएका छन् । बालुवाटार पुगेको स्थायी कमिटी नेताहरूले प्रधानमन्त्री ओलीलाई पार्टी निर्णय मानेर जाँदा अहिले देखिएको संकट हल हुने सुझाव दिएका छन् ।**



*प्रधानमन्त्री निवास बालुवाटारमा बुधबार नेकपाको स्थायी कमिटीको बैठकमा प्रधानमन्त्री तथा अध्यक्ष केपी शर्मा ओली पार्टीका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' लगायत । तस्वीर : चन्द्रकला क्षेत्री, रासस*

**मध्यान्ह संवाददाता**
काठमाडौं, १७ असार ।

पार्टी भित्रको अन्तर संघर्ष उत्कर्षमा पुगेका बेला बुधबार बिहान नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का अध्यक्ष एवम् प्रधानमन्त्री केपी शर्मा ओलीले स्थायी कमिटी सदस्यहरुसँग छुट्टै सुझाव लिएका छन्। मन्त्री समेत रहेका तर, आफू इतरका नेताहरुलाई समेत प्रधानमन्त्री ओलीले सुझाव सम्वादमा बोलाएका थिए। बिहान ७ बजे नै बोलाइएको बैठकमा प्रधानमन्त्री ओलीलाई पार्टीको विधि मानेर चल्न सुझाव दिएका छन् ।

"तपाई विधि मान्नुभयो भने विधिले तपाईलाई जोगाउँछ । होइन भने हाम्रो साथले मात्रै केही हुनेवाला छैन", छलफलमा ओली इतरका एक नेताले सुझाव दिएका थिए। बैठकको शुरुमै प्रधानमन्त्री ओलीले झण्डै आधा घण्टा आफ्नो कुरा राखेका थिए । यसपछि ओलीलाई कार्यकारी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड र बरिष्ठ नेता माधवकुमार नेपाल निकट नेताहरुले सुझाव दिएका थिए ।

धेरैजसो नेताहरुले पार्टीलाई एकताबद्ध बनाएर लैजान प्रधानमन्त्री एवम् अध्यक्ष ओलीकै भूमिका अर्थपूर्ण हुने बताएका छन् । तत्कालीन माओवादी तर्फबाट नेता, सचिवालय सदस्य एवम् गृहमन्त्री रामबहादुर थापा भने केही बोलेनन्। अर्का स्थायी कमिटीका नेता एवम् संस्कृति, पर्यटन तथा नागरिक उड्ययन मन्त्री योगेश भट्टराईले त स्थायी कमिटी बैठकमै पनि अहिले सम्वाद तर्फ ध्यान दिने आग्रह गरेका थिए। प्रचण्ड र नेपाल निकटका एक मात्र नेता हुन्, भट्टराई, जसले मध्यमार्गी प्रस्ताव ल्याएका थिए । अहिलेसम्म ओली निकटका नेताहरुले बोलेका छैनन् ।

### ■एजेण्डा राजीनामा

नेकपाको बुधबार बसेको स्थायी कमिटीमा पनि मंगलबार बसे जस्तै प्रधानमन्त्री र अध्यक्ष पदबाट राजीनामा दिन नेताहरुले दबाव दिएका थिए । पाँचौं दिनको बैठकमा पनि सरकार हटाउन छिमेकी भारत र नेताहरु भित्रभित्र लागेको भन्ने प्रधानमन्त्रीको पछिल्लो अभिव्यक्ति र नेकपा (एमाले) नामक पार्टी निर्वाचन आयोगमा दल दर्ताको निवेदनका विषयमा छलफल भएको छ ।

मदन भण्डारीको जयन्तीका अवसरमा यही असार १४ गते प्रधानमन्त्री एवं अध्यक्ष केपी शर्मा ओलीले राख्नुभएका विचार, सरकार हटाउन भारत सक्रिय रहेको, त्यसमा पार्टीका नेताहरूको संलग्नता रहेको र दुई दिनअघि निर्वाचन आयोगमा दर्ताको लागि आवेदन परेको भनिएको नेकपा (एमाले) को सम्बन्धमा छलफलमा सदस्यले भाग लिएको पार्टीका प्रवक्ता नारायणकाजी श्रेष्ठले बताए।

बैठकमा योगेश भट्टराई, लीलामणि पोखरेल, मातृकाप्रसाद यादव, नन्दकुमार प्रसाई र आमन्त्रित सदस्य पेशलकुमार खतिवडाले आआफ्ना धारणा बोलेका थिए । स्थायी कमिटीको अर्को बैठक असार १८ गते बिहीबार ११ बजे पुनः बस्ने छ । बैठक यही असार १० गतेदेखि शुरु भएको हो । बैठकमा नेपालको सीमा समस्या र समाधान, सरकारको समग्र समीक्षा, कोरोना रोकथाम र उपचार, पार्टी एकताका बाँकी काम, एमसिसीलगायत कार्यसूची छन् ।

### ■शोक प्रस्ताव पारित

सांसद ज्ञानकुमारी छन्त्यालको निधन भएकाले स्थायी कमिटी बैठक स्थगित गरेर संसदबाट शोक प्रस्ताव पारित गराउन नेताहरु संसद भवन बानेश्वर गएका थिए । सांसद छन्त्यालको निधन प्रति नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवाको अध्यक्षतामा बसेको पार्टी केन्द्रीय समितिको बैठकले प्रति दुःख व्यक्त गर्दै शोक प्रस्ताव पारित गरेको छ।

बैठकले प्रतिनिधिसभा सदस्य ज्ञानकुमारी छन्त्यालको बुधबार बिहान बाँसबारीस्थित शहीद गङ्गालाल हृदय रोग केन्द्रमा उपचारका क्रममा असामयिक निधन भएकामा शोकाकूल परिवारजनमा समवेदना व्यक्त गरेको छ । उनको निधनबाट पार्टीले एक निष्ठावान् एवं कुशल महिला नेत्रीलाई गुमाएको र त्यसबाट पार्टीलाई अपूरणीय क्षति भएको बताउँदै सभापति देउवाले पार्टी र आफ्नातर्फबाट श्रद्धाञ्जली अर्पण गरे ।

पार्टीले स्वर्गीय छन्त्यालप्रति सम्मान प्रकट गर्दै भोलि पार्टी केन्द्रीय कार्यालय बन्द गर्नाका साथै केन्द्रीय बाँकी पृष्ठ २ मा

# देशभर देखिँदै सलह

**असार १३ गते नेपाल पसेको सलह किरा बुधबार साँझसम्म ५२ जिल्लामा पुगिसकेको छ । विज्ञहरूले सलह अझै ठूलो संख्यामा नेपाल आउन सक्ने अनुमान गरेका छन् । तर, यसको प्रकोप भने ठूलो संख्या देखिनसकेको बताइएको छ ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, १७ असार ।



*दाङको लमही नगरपालिका-८ भौकामा देखिएको सलह कीरा । कीरा भित्रिएपछि किसानहरू चिन्तित बनेका छन् । तस्वीरः दीपक बोहरा*

अफ्रिकी मुलुकबाट निस्किएर भारत हुँदै नेपाल भित्रिएको बाली नोक्सान गर्ने कीरा (सलह) नेपालका धेरै जिल्लामा फैलिसकेको छ। झण्डै ८० देखि ९० लाखको हाराहारीमा नेपाल भित्रिएको सलहको झुण्डको फैलावट धेरै भए पनि विखण्डन हुँदै गएको कीट विज्ञको भनाइ छ। हावाको गतिमा आएको परिवर्तनले गत शनिबार सलह भारतबाट निजगढ हुँदै नेपाल प्रवेश गरेको थियो । सलह ५२ जिल्लामा पुगेको बताइएको छ ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयद्वारा सलह कीरा अध्ययनका लागि गठित प्राविधिक कार्यदलका सदस्य तथा कीट विज्ञ समुन्द्रलाल जोशीले नेपालमा भित्रिएको सलह विभाजन हुँदै गएकाले ठूलो क्षति निम्त्याउने खतरा नदेखिएको बताए । उनले भारतबाट नेपालको सीमा नजिक अन्य झुण्डहरु आउँदै गरेकाले थप झुण्ड प्रवेश गर्नसक्ने सम्भावना कायमै रहेको बताए । सलहलाई फुल पार्नका लागि मरुभूमि नै चाहिने भएकाले नेपालमा बसेर फुल पार्छ भन्ने कुरा सत्य नभएको उनको भनाइ छ। "कि त जहाँबाट आएको छ, त्यहीँ फर्कनुपर्छ, होइन भने मरेर जान्छ, नेपालमा यसले फुल पार्ने सम्भावना न्यून छ", उनले भने ।

कृषि मन्त्रालयका अनुसार सलहले मुलुकका केही जिल्लामा देखिने गरी क्षति पुऱ्याएको छ । बारामा मकै तथा तरकारीबालीमा क्षति पुऱ्याएको छ । हेटौंडामा झण्डै १०० हेक्टरमा नै क्षति पुऱ्याएको विवरण आएको छ। अन्य जिल्लामा पनि क्षति पुऱ्याएको तर क्षतिको विवरण संकलनको क्रममा रहेको जनाइएको छ ।

प्राप्त विवरणअनुसार यो कीरा अफ्रिकी मुलुकमा देखिएको थियो । कीट विज्ञ जोशीले यो कीरा त्यहाँको रैथाने भएको बताए। त्यहाँबाट अन्य मुलुकमा फैलिँदै जाँदा नेपालमा पनि आइपुगेको हो । नेपालमा विभिन्न जिल्लामा बालीनालीमा देखिए पनि धेरैजसो सलह जंगलमै रहेको विज्ञले बताएका छन् । सलहको बारेमा कृषि मन्त्रालयअन्तर्गतको प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रले हेरिरहेको छ ।

केन्द्रका निर्देशक सहदेवप्रसाद हुमागाईंको नेतृत्वमा अध्ययनका लागि प्राविधिक कार्यदल छ । त्यसले अहिले अध्ययन विश्लेषणको काम गरिरहेको छ । केन्द्रका सूचना अधिकारी रामकृष्ण सुवेदीले नेपालमा अहिलेसम्म भयावहरुपमा सलह नरहेको बताए । उनले भने, "हावाको बेगका कारण केही झुण्ड उछिटिएर नेपाल आएको हो, अहिले नेपालमा धेरै विखण्डन भइसक्यो, सानासाना झुण्डमा छ, तर थप प्रवेश गर्ने सम्भावना अझै छ ।"

कृषिविज्ञका अनुसार नेपाल छिरेको सबैभन्दा ठूलो झुण्ड सात देखि नौ लाखको रहेको अनुमान छ। सुवेदीले घुमिराखेको झुण्डको सङ्ख्या घट्दो क्रममा रहेकोसमेत जानकारी दिनुभयो। पहाडी क्षेत्रमा जाँदा झुण्ड टुक्रिएको र केही त्यतै बसेको केही घुमिरहेको छ । दाङ, अर्घाखाँची र प्यूठानमा धेरै छ । अन्य जिल्लामा समेत सलह पुगेको छ ।

केन्द्रका अनुसार, सलहको एक झुण्ड भारतको भागलपुर तथा मोतिहारीमा रहेको र अर्को झुण्ड कुशिनगरबाट चम्पारण जिल्लातर्फ उडेको छ । उक्त सलह दार्जिलिङ र सिलिगुढीसम्म पुग्ने अनुमान गरिएको छ। त्यो सलह नेपालमा प्रवेश गर्ने सम्भावना पनि छ ।

जल तथा मौसम विज्ञान विभागका अनुसार नेपालमा विगत चार दिनदेखि मनसुन अरेबियन सागरबाट हावा पश्चिम तथा दक्षिण/पश्चिममा प्रभाव रहेकोमा हाल पूर्व तथा दक्षिण/पूर्वी क्षेत्रमा हावाको प्रभाव रहेको छ । यो क्रम तीन दिन नै कायम हुने जनाइएको छ। त्यसकारण भारतीय सीमावर्ती क्षेत्रमा रहेको सलहको झुण्ड हावाको बेगसँगै पूर्वबाट पश्चिमतर्फ आउनसक्ने सम्भावना रहेको छ। तराई, भित्रीमधेस तथा तल्लोपहाडी क्षेत्रमा सजक रहन पनि विज्ञहरुले आग्रह गरे ।

मंगलबार पूर्वी दिशाबाट पश्चिमतिर बहेको हावासँगै सलह कीरा पनि पश्चिमतिर सरेको अनुमान गरिएको छ। सलह कीरा फट्याङ्ग प्रजातिको एक झुण्डमा (चार देखि आठ करोड संख्यामा) उडान गर्ने र ठूलो बाँकी पृष्ठ २ मा

# अहिलेकै अवस्था रहे कतारले १ महिनापछि नेपाली कामदार लिने

**मध्यान्ह संवाददाता**
काठमाडौं, १७ असार

नेपाल र कतार दुवैतर्फ कोरोना भाइरस (कोभिड-१९) संक्रमण अहिलेकै अवस्थामा रहे अबको एक महिनापछि नेपाली कामदार रोजगारीका लागि कतार जान पाउने छन्। कोरोना भाइरस नियन्त्रणका लागि लागू गरिएको लकडाउन खुकुलो पार्दै आएको कतारले आगामी अगस्ट पहिलो तारिकदेखि अन्तराष्ट्रिय उडान शुरु गर्दै कम संक्रमित भएका मुलुकका कामदारहरुलाई आफ्नो मुलुक प्रवेशमा अनुमति दिने बताएको छ ।

कतारले परिस्थिति हेरेर कोरोना संक्रमण नियन्त्रणका लागि लागू गरिएको चार चरणमा प्रतिबन्ध हटाउने बताएको छ । कतारले अगस्ट १ गतेदेखि तेस्रो चरण अन्तर्गत प्राथमिकतामा रहेका क्षेत्र खुला गर्ने छ। त्यसमा आप्रवासी कामदारहरु कतार जान दिने बताइएको छ । तर उनीहरु व्यक्तिगत खर्चमा १४ दिनसम्म होटल क्वारेन्टिनमा अनिवार्यरुपमा बसेर मात्र काममा जान पाउनेछन् ।

बुधबारदेखि कतारले दोश्रो चरणका क्षेत्र सुरक्षा सावधानीका साथ खुला गरेको छ। दोस्रो चरणमा त्यहाँ बुधबारदेखि पाँच जनासम्म भेला हुन दिनेदेखि सिमित समयका लागि मलहरुसहित मार्केट तथा होलसेल मार्केट र कम मानिस जम्मा हुने केही रेस्टुरेण्टहरु खोल्न दिइएको छ ।

त्यसैगरी संग्रहालय र लाइब्रेरी सिमित मानिसका लागि सिमित समयमा खोलिएका छन् भने आवश्यक सावधानी अपनाएर निर्माण क्षेत्रमा ५० प्रतिशत कामदारले काम शुरु गरेका छन् । निजी मेडिकलहरु ६० प्रतिशत क्षमतामा खुलेका छन् भने १० जनाभन्दा कमले खुला क्षेत्रमा जिम र शारिरिक व्यायाम शुरु गरेका छन्। प्रार्थनाका लागि केही मस्जिदहरु खुलेको कतारी सञ्चारमाध्यमहरुले जनाएका छन् ।

स्थिति सामान्य बन्दै गए चौथो चरण अर्थात् सेप्टेम्बर १ (दुई महिनापछि) सबै क्षेत्रका प्रतिबन्ध हटाउने तयारी गरेको कतारले सबैलाई सावधानीका उपायहरु अपनाउन तथा अनिवार्य रुपमा मास्कको प्रयोग गर्न आदेश दिएको छ ।

कतारमा बुधबारसम्म ९६ हजार ८ सय ८८ जनामा संक्रमण भएपनि मृत्युदर भने अत्यन्तै कम छ। बुधबारसम्म कतारमा १ सय १३ जनाले कोरोना भाइरसका कारण ज्यान गुमाएका छन्। ८१ हजार १ सय ६४ निको भएर घर फर्किएका छन् भने १४ हजार ४ सय ११ जना अस्पतालमा उपचाररत छन् ।

### वैदेशिक रोजगार विशेष

## बुधबार १२ वटा शवसहित १३ सय कामदार ल्याइए

**काठमाडौं/मस-** कोरोना भाइरसका कारण विदेशमा अलपत्र परेकामध्ये बुधबार विभिन्न नौ वटा चार्टर उडानमार्फत १ हजार ३ सय ४२ जना नेपाली कामदार स्वदेश फर्किएका छन् । त्यसक्रममा १२ वटा नेपाली कामदारहरुको शव पनि ल्याइएको छ। बुधबार खाडी र मलेसियाबाट कामदार तथा साउदी र कतारबाट कामदारसहित शव पनि ल्याइएको छ ।

कतारबाट २ सय ९७ जना अलपत्र नेपाली फर्किएका छन् भने एउटा शव ल्याइएको छ। साउदी अरबको रियादबाट २ सय ५७ जना नेपाली आएका छन् भने ११ वटा शव ल्याइएको छ। दुबै मुलुकबाट नेपाल एयरलाइन्सको चार्टर्ड उडान भएको थियो ।

यस्तै कुवेतबाट ३ सय १९ जना नेपाली फर्किएका छन् । उनीहरु कुवेतमा आममाफी पाएका मध्येका हुन् । यूएईबाट बाँकी पृष्ठ २ मा

# संक्रमित १४ हजार नाघे

### ■दुई हजार ७१ बालबालिका संक्रमित, बुधबार ४८२ संक्रमित थपिए

**बुधबार एकै दिन ४८२ जनामा संक्रमण देखिएसँगै संक्रमित संख्या १४ हजार नाघेको छ । त्यस मध्ये दुई हजार ७१ जना १८ वर्ष मुनिका बालबालिका छन् भने मृतक संख्या ३० पुगेको छ ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, १७ असार ।



कोभिड-१९ महामारीका बेला खटिएका जनप्रतिनिधि र कर्मचारीको आत्मबल तथा रोग प्रतिरोधात्मक क्षमता बढाउन कञ्चनपुरमा आयोजित तीनदिने योग प्रशिक्षण । तस्वीरः राजेन्द्रप्रसाद पनेरू

पछिल्लो २४ घण्टामा नेपालमा ४८२ जनामा संक्रमण पुष्टि भएको छ । देशभरका २४ प्रयोगशालामा गरिएको परीक्षणका क्रममा ३६५ पुरुष र ११७ महिलामा संक्रमण पुष्टि भएको हो। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले गरेको बुधबार नियमित पत्रकार सम्मेलनमा मन्त्रालयका प्रवक्ता डा जागेश्वर गौतमले नेपालमा संक्रमित संख्या १४ हजार ४६ पुगेको बताए ।

ती मध्ये एक हजार ७७४ महिला र १२ हजार २७२ पुरुष छन् । प्रवक्ता डा गौतमका अनुसार अहिलेसम्म चार हजार ६५६ जना उपचारपछि निको भएर घर फर्किएका छन् । अहिलेसम्म १८ वर्षमुनिका दुई हजार ७१ बालबालिकामा संक्रमण देखिएको छ। संक्रमण देखिएका बालबालिका भारतबाट आफ्ना आमा र बुबासँग आएको उनले बताए ।

संक्रमण देखिएका सुदुरपश्चिम प्रदेशमा १७५ बालबालिका ९ वर्ष मुनिका छन्। उनले बालबालिकालाई संक्रमण देखिएकाले बाहिर नजान आग्रह गरे ।

कोरोना भाइरस संक्रमणबाट बुधबार थप एक जनाको मृत्यु भएको छ । अछाम जिल्ला रामारोशन गाउपालिका-५ का ४५ वर्षीय पुरुषको कोभिड-१९ को संक्रममणबाट मृत्यु भएको प्रवक्ता डा गौतमले जानकारी दिए। उनका अनुसार उनको यही असार १४ गते सोही ठाउँको वयलपाटा अस्पतालमा उपचारका क्रममा मृत्यु भएको हो ।

मृतक असार १३ गते श्वासप्रश्वासमा समस्या देखिएपछि उपचारका लागि अस्पतालमा भर्ना भएका थिए। मधुमेह रोगको समस्या रहेको उनको यही असार १६ गते संक्रमण भएको पुष्टि भएको थियो । उनीसँगै कोरोना भाइरस संक्रमणबाट मृत्यु हुनेको संख्या ३० पुगेको छ ।

# सडकमा जनआक्रोश

मध्यान्ह संवाददाता
काठमाडौं, १७ असार

विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) संक्रमणका कारण जनजीवन अस्तव्यस्त बनेको छ । सरकारले कोरोना रोकथाम तथा नियन्त्रणका लागि लागू गरिएको लकडाउन केही खुकुलो बनाएता पनि आम नागरिकको जनजीवन सामान्य अवस्थामा आइसकेको छैन ।

लकडाउन खुकुलो बनाएसँगै उद्योग, कलकारखाना, पसल, रेष्टुरेण्ट लगायतका व्यवसायहरु खुला भइसकेका छन् । तर अझै पनि सार्वजनिक सवारी साधन, सिनेमा हल, पर्यटन व्यवसाय, ठूला होटलहरु खुला भएका छैनन् । सोही कारण ती क्षेत्रमा कार्यरत कायौं नागरिकहरु अहिले रोजगारविहीन भएर बस्नुपर्ने बाध्यता भएको छ ।

कोरोना संक्रमणको त्रासले व्यवसाय चलाउन नपाउने बाध्यता र अर्कोतर्फ सरकारले राहतका प्याकेज नल्याउँदा सरकार विरोधी नारा घन्किरहेका छन्, सडकमा । 'कि व्यवसाय सञ्चालन गर्न देऊ, कि राहत देऊ' भन्दै दिनहुँजसो सडकमा पोखिँदै छन् जनआक्रोश ।



व्यवसाय सञ्चालनको माग मात्र लिएर नागरिकहरु सडकमा आएका छैनन्, उनीहरु सरकारको कामको आलोचना गर्दै, एमसीसीको विरोध, पीसीआर परीक्षणको दायरा बढाउनुपर्ने, भ्रष्टाचारको विरोध लगायतका अन्य माग समेत अगाडि सारेर स्वस्फुर्त रुपमा सडकमा उत्रिएका छन् ।

**ट्याक्सी व्यवसायीको आन्दोलन**

भाडाका ट्याक्सी चलाउन पाउनुपर्ने माग गर्दै आन्दोलनरत ट्याक्सी व्यवसायीले बुधबार सडकमै खाना पकाएर विरोध प्रदर्शन गरेका छन् । बुधबार यातायात व्यवस्था विभाग अगाडि विरोध प्रदर्शन गर्दै उनीहरुले सडकमा नै खाना पकाएर खाएका हुन् । सरकारी निकायले कुनै पहल नगरेकाले बाध्य भएर सडकमा आन्दोलन गर्नुपरेको उनीहरुको भनाइ छ । सरकारले आफ्ना मागहरु पूरा नगरेसम्म विभागको अगाडि प्रदर्शन जारी गर्ने उनीहरुले चेतावनी समेत दिएका छन् ।

निजी सवारी सधानले मोलमोलाई गरेर यात्रु बोकेको तर कोरोना संक्रमणको डर देखाएर सार्वजनिक ट्याक्सी चलाउन नदिएको उनीहरुले आरोप लगाएका छन् । त्यस्तै सरकारले १० अर्ब रुपैयाँको राहत वितरण गरेको बताएपनि आफूहरुले केहि नपाएको व्यवसायीहरुको भनाइ छ ।

**पर्यटन मजदुरको प्रदर्शन**

पर्यटन क्षेत्रमा कार्यरत मजदुर हरुले अधिकार र अस्तीत्व सुरक्षित गर्नुपर्ने माग सहित बुधबार काठमाडौंमा विरोध प्रदर्शन गरेका छन् । पर्यटन मजदुर संघर्ष समिति गठन गरेर उनीहरुले काठमाडौंको माइतीघरमा प्रदर्शन गरेका हुन् ।

लामो समयको लकडाउनका कारण सहज रुपमा काम नपाएको, कार्यरत संस्थाबाट निकालिएको र सेवा सुविधाबाट बञ्चित हुनुपरेको भन्दै विरोध जनाएका हुन् । उनीहरुले पर्यटन मजदुरलाई बेवास्ता गर्न पाइदैन, पर्यटन मजदुर अधिकार स्थापित गर लगायतका प्लेकार्ड बोकी प्रदर्शन गरेका हुन् । पर्यटन आफुहरुको जायज माग कसैले नसुनेकाले विरोधमा उत्रनुपरेको बताए । समितिले आफुहरुको माग सुनुवाइ नभएसम्म विरोध जारी राख्ने चेतावनी समेत दिएका छन् ।

**एमसीसी तथा भ्रष्टाचारको विरोधमा प्रदर्शन**

एमसीसी, बढ्दो भ्रष्टाचार, र बेथितिको विरोधमा बुधबार पनि विभिन्न समुहले प्रदर्शन गरेका छन् । काठमाडौंको माइतिघरमा संयुक्त राष्ट्रिय नागरिक आन्दोलन तयारी समिति २०७७ को आयोजनामा विभिन्न समुहले संयुक्त नागरिक खबरदारी सभाको आयोजना गरी विरोध प्रदर्शन गरेका हुन् ।

प्रदर्शनमा एमसीसी, भ्रष्टाचार, बेथिति, बैंकको ब्याज र किस्ता, पीसीआर टेस्टमा बेथिति बढेको भन्दै प्रदर्शन गरेका हुन् । उनीहरुले एमसीसी खारेज, बैंकको ब्याज घटाउन, पीसीआर टेस्ट बढाउन, भ्रष्टाचारीलाई कारबाही गर्न माग गरेका छन् ।

# प्रहरी सधैं नागरिकको साथमा : आईजीपी ज्ञवाली

**काठमाडौं/मस-** प्रहरी महानिरीक्षक ठाकुरप्रसाद ज्ञवालीले महानगरीय प्रहरी परिसर जावलाखेलको हाताभित्र नवर्निमित ब्यारेक भवनको बुधबार उद्घाटन गरे । राष्ट्रिय पुनःनिर्माण प्राधिकरणको सहयोगमा सो भवन निर्माण भएको हो । सो अवसरमा महानिरीक्षक ज्ञवालीले पीडा, अन्याय र अत्याचारमा परेका नागरिकको सहयोगको लागि प्रहरी सधैं साथमा रहेको बताए । आईजीपी ज्ञवालीले समाजमा हुने जुनसुकै अपराधजन्य प्रवृत्ति र कर्मलाई उच्च मनोबल र दृढ इच्छा शक्तिका साथ समाजबाट उन्मूलन गर्न प्रहरी दृढ रहेको बताए । उनले मुलुकको शान्ति सुरक्षा र समुन्नतिमा अवरोध गर्ने जुनसुकै तत्त्व, शक्ति वा समूहको गतिविधिहरुलाई निर्ममतापूर्वक कारबाही गरी निस्तेज गर्न उपस्थित प्रहरी अधिकृतहरुलाई निर्देशन समेत दिए ।




कुनै आवरणमा रही हुने गरेका गुण्डागर्दी, मानव बेचबिखन तथा ओसारपसार, प्राकृतिक श्रोत साधनको दोहन, पर्यावरणीय विनाश र अवैध तस्करी जस्ता आपराधिक कर्मविरुद्ध सशक्त रुपमा कारबाही अगाडि बढाउनुपर्नेमा ज्ञवालीको जोड थियो । आम नागरिकको साथ, सहयोग र सहकार्यमा जुनसुकै अपराध कर्मको सञ्जाल छिन्न-भिन्न पार्दै अपराधीलाई कानुनी कारबाहीको दायरामा ल्याउन प्रहरी दृढ रहेको ज्ञवालीको भनाइ छ ।

कानुनको निष्पक्ष, पारदर्शी र न्यायसम्मत तवरबाट कार्यान्वयन हुन सकेमा मात्र कानुनी शासनको प्रत्याभूति सम्भव हुने बताउँदै कानुन र न्यायका आधारमा जिम्मेवारी वहन गर्न नसक्ने कोही पनि व्यक्ति कानुनको रक्षक हुन नसक्ने र त्यस्ता व्यक्ति संगठन र समाजका लागि योग्य पात्र नहुने उनले बताए ।

प्रहरी नायब महानिरीक्षक विश्वराज पोखरेलले दैनिक १२ घण्टा माथि काममा व्यस्त हुने कतिपय प्रहरी कार्यालय भवनमा अझसम्म पनि खाने, बस्ने र शौच गर्ने राम्रो व्यवस्था नभएको बताए । ललितपुर महानगरपालिका मेयर चिरीबाबु महर्जन र जिल्ला प्रशासन कार्यालय ललितपुरका प्रमुख नारायणप्रसाद भट्टले सो भवन निर्माण पश्चात् प्रहरीको काममा सहज हुने बताए ।

प्रहरी निरीक्षक इञ्जिनीयर रोशन सारुले उक्त भवन निर्माणका लागि पहिलो चरणमा रु तीन करोड ८४ लाख २० हजार र दोस्रो चरणमा रु चार करोड ४९ लाख ११ हजार ४२४ गरी कूल आठ करोड ३९ लाख १० हजार ३०९ खर्च भएको बताए ।

# हाजिरको विवादले कामकाज अवरुद्ध




**सिरहा/रासस-** सिरहाको लक्ष्मीपुरपतारी गाउँपालिकामा दुई जना प्रमुख प्रशासकीय अधिकृत हाजीर भएपछि उत्पन्न विवादका कारण गाउँपालिकाको कामकाज अवरुद्ध भएको छ । गाउँपालिकामा निमित्त प्रमुख प्रशासकीय अधिकृतको रुपमा धनिलाल यादवले कामकाज गरिरहेका बेला प्रमुख प्रशासकीय अधिकृतको रुपमा सरुवा भएर आउनुभएका सुजितकुमार यादव पनि हाजीर भएपछि गाउँपालिकाको कामकाज कसले अघि बढाउने भने विवाद बढेको हो । चालु आर्थिक वर्ष ०७६/०७७ सकिन केही दिन मात्र बाँकी रहेका बेला दुई प्रमुख प्रशासकीय अधिकृतबीचको विवादले गाउँपालिकाको विकास निर्माणसँगै कार्यालयको प्रशासनिक कार्य अवरुद्ध भएको कर्मचारीहरुले बताएका छन् । विवाद बढ्दै गएपछि आर्थिक वर्ष ०७६/०७७ को अन्तिम समयमा विगत तीन सातादेखि बैंक खाता रोक्का भएका छन् ।

आर्थिक वर्ष ०७६/०७७ को अन्तिम समयमा नियोजित रुपमा जिल्लाको भगवानपुर गाउँपालिकाबाट सरुवा भएर आएकाले तत्काल हाजीर नगराउने गाउँपालिकाका अध्यक्ष रामबल्लभ साहले अडान लिएपछि सुजितकुमार यादव छुट्टै रजिष्टरमा गत जेठ ३० गते हाजीर भई लहानस्थित एनसीसी बैंकमा रहेको गाउँपालिकाको खाता रोक्का गराएका हुन् । प्रमुख प्रशासकीय अधिकृतको रुपमा आफू सरुवा भएर आएकाले तत्काल हाजीर गराउनुपर्नेमा त्यसो नगरी गाउँपालिका अध्यक्ष साहले निमित्त प्रमुख प्रशासकीय अधिकृतको रुपमा धनिलालबाटै काम सम्पादन गराउन खोजिएपछि बाध्य भएर हाजीर भई तत्कालका लागि खाता रोक्का गराइएको सुजितकुमार यादवले बताए । 'भगवानपुर गाउँपालिकाबाट सरुवा भएर आएको दुई सातासम्म पनि हाजीर हुन दिएनन्' यादवले भने, 'हाजीर गराउन पटक पटक गाउँपालिकाको अध्यक्षलाई आग्रह गर्दा, उहाँले आर्थिक मसान्त सकिएपछि मात्र हाजीर गराउने भन्दै पन्छिँदै आएकाले बाध्य भई आफैं हाजीर भए ।' हाजीर भए पनि विभिन्न बहानामा काम गर्न अवरोध खडा गर्ने र निमित्त प्रमुख प्रशासकीय अधिकृतको रुपमा धनिलाल यादवबाटै काम गराउन खोजिएपछि आर्थिक अनियमितता हुनसक्ने भएकाले खाता रोक्का गराइएको यादवको भनाइ छ ।

यता गाउँपालिकाका अध्यक्ष रामबल्लभ साहले आर्थिक वर्ष सकिँनै लाग्दा नियोजित रुपमा सुजित सरुवा भएर गाउँपालिकामा आएको र खाता रोक्का गराई गाउँपालिकाको कामकाज प्रभावित बनाइरहेको आरोप लगाए । 'सरुवा भएर आउनु भएका यादवलाई असार १३ गते हाजीर गराउने भनेको थिएँ,' अध्यक्ष साहले भने, 'तर उहाँ केही राजनीतिक दलका नेताहरुको उक्साहटमा हामी सबैलाई अटेर गरी आफैं छुट्टै रजिष्टरमा हाजीर गर्दै आउनुभएको छ सुनेको छु, अहिलेसम्म हाम्रो कार्यालयमा हाजीर हुनुभएको छैन ।'

# पत्रकार खड्का हत्याको छानविन गर्न माग




**काठमाडौं/मस-** नेपाल पत्रकार महासंघले डोटी शाखाका सदस्य एवं बाजुरास्थित रेडियो बूढीनन्दामा कार्यरत पत्रकार तेजबहादुर खड्का हत्याको छानविन गर्न सरकारसँग माग गरेको छ । महासंघका महासचिव रमेश विष्टले बुधबार विज्ञप्ति जारी गर्दै घटनाको अनुसन्धान र सत्यतथ्य छानविन गरी पत्रकार खड्काका परिवारलाई राहत र उचित क्षतिपूर्तिको व्यवस्था गर्न माग गरेका हुन् । महासंघले पेशागत कर्म निर्वाहमा हिँडेका पत्रकार खड्का एक्कासि बेपत्ता हुनु र १५ महिनापछि कङ्कालसँगै फेला परेका सामग्री लामो समयपछि पनि दुरूस्तै देखिनुले घटना रहस्यमय हुनसक्ने भएकोले छानविन गर्न माग गरिएको उनले बताए ।

बाजुरास्थित बूढीनन्दा तीर्थस्थलबाट फर्किने क्रममा २०७५ भदौ ९ गतेदेखि सम्पर्कविहीन रहेका पत्रकार खड्काको २०७६ मङ्सिरमा झोलासँगै पर्स र कङ्काल भेटिएपछि नेपाल प्रहरीको केन्द्रीयविधि विज्ञान प्रयोगशालामा डिएनए परीक्षण गर्दा सो कङ्काल पत्रकार खड्काको नै भएको प्रहरीले पुष्टि गरेको हो ।

# छायाँ नेपालद्वारा रौतहटका विपन्न परिवारलाई राहत वितरण

इस्तयाक अहमद/मध्यान्ह
रौतहट, १७ असार

विश्वमा अहिले करोना भाइरसका कारण लाखौंले ज्यान गुमाइसकेका छन् । अझै लाखौं मानिस कोरोनाको प्रकोपसँग लडिरहेका छन् । नेपालमा पनि संक्रमितको संख्या दिनानुदिन बढिरहेको छ । भाइरस संक्रमण थप फैलन नदिनका लागि सरकारले लकडाउनको घोषणा गरी पटक-पटक लकडाउन लम्बाउने कार्य गरिरहेको छ । यससँगै मुलुकको आर्थिक अवस्था पनि खस्कँदै गएको छ । मजदुर र विपन्नको जीवन यापन झन् झन् पीडादायी र कष्टकर बन्दै गएको स्थिति छ । त्यसमा पनि अपाङ्गता भएका व्यक्तिहरूको अवस्था अझ कष्टकर बनेको छ ।




यही अवस्थालाई मध्यनजर गर्दै काठमाडौंमा रहेको छायाँ नेपाल नामक गैरसरकारी संस्थाले रौतहटको परोहा नगरपालिका भित्रका अपाङ्गता भएका, एकल महिला, दलित एवं विपन्न परिवार छनोट गरी राहतस्वरुप खाद्यान्न वितरण गरेको छ । छायाँ नेपालले स्थानीय १६० विपन्न परिवारलाई खाद्यान्न वितरण गरेको हो । उक्त संस्थाले प्रति परिवार २५ किलो चामल, २ किलो दाल, १ लिटर खानेतेल, १ पोका नुन, एक थान झुल र एउटा डिटोल साबुन वितरण गरेको छयाँ नेपालका कार्यकारी निर्देशक कमल थापाले जानकारी दिए ।

यस्तै छायाँ नेपालले स्वास्थ्य चौकी बसन्तपट्टीलाई १२ थान पीपीई, ४० थान केएन ९५ मास्क, थर्मामिटरहरु र जिल्ला अस्पताल गौरलाई ४० थान पीपीई, केएन ९५ मास्क, थर्मामिटर आदि स्वास्थ्य सुरक्षा सामग्री हस्तान्तरण गरेको छ । सहयोगी संस्था छायाँ नेपालका प्रतिनिधि राजेश साह, नेपाल पत्रकार महासंघ रौतहट शाखा अध्यक्ष रबिन्दर प्रसाद साह, पत्रकार शलेन्द्र झा, राकेश यादव, दिलिप पाण्डेलगायतको उपस्थितिमा राहत तथा स्वास्थ्य सामग्री वितरण गरिएको थियो ।

## पाटी...

कार्यालयमा पार्टीको झण्डा आधा झुकाइने तथा कुनै पनि औपचारिक कार्यक्रम नहुने बताएको छ । काँग्रेस संसदीय दलले प्रतिनिधिसभा सदस्य एवं पार्टीकी नेत्री ज्ञानकुमारी छन्त्यालको निधनप्रति दुःख व्यक्त गरेको छ । उनको बुधबार बिहान बाँसबारीस्थित शहीद गङ्गालाल हृदय रोग केन्द्रमा उपचारको क्रममा निधन भएको हो ।

## देशभर...

परिमाणमा खेती वा वनस्पति नष्ट गर्नसक्ने कीरा हो । यो कीराले हरियो वनस्पतिको पातसहित डाँठसमेत खाइदिन्छ । प्रत्येक कीराले प्रत्येक दिन आफ्नो तौल बराबर वनस्पति खाने गर्छ । त्यसैले यसको विकास छिटो हुन्छ र धेरै क्षति पुर्‍याउँछ । यो कीरा झुण्डमा हुने भएकाले क्षतिको प्रतिशत बढी हुन्छ ।

शनिबार नेपाल छिरेको सलह सोही दिन बारा, पर्सा, सर्लाही, सिन्धुली र रुपन्देहीमा देखिएको थियो । आइतबार धेरै जिल्लामा फैलिएको सलह मङ्गलबार काठमाडौंमा समेत देखियो ।

केन्द्रका सूचना अधिकारी सुवेदीले काठमाडौं उपत्यकामा आएको सलह केही यहाँ खसेको र बाँकी झुण्ड भने आज नुवाकोट पुगेको बताए । "नुवाकोटको विदुर आसपास जङ्गलमा रहेको छ, प्राविधिकहरु त्यसको निगरानी मै हुनुहुन्छ", उनले भने । सलहको काठमाडौं आएको हुल सिन्धुली र काभ्रेपलाञ्चोकतिरबाट आएको अनुमान छ । हावाको गतिसँगै जाने भएकाले जल तथा मौसम विज्ञान विभागसँग पनि निरन्तर समन्वयमा रही कीराको सम्बन्धमा कृषि मन्त्रालय र मातहतका निकायले अनुगमन गरिरहेको छ ।

सलह लामो समयदेखि भारतको विभिन्न स्थानमा देखिएको थियो । नेपालमा पनि सम्भावित प्रवेशलाई दृष्टिगत गर्दै त्यसको अध्ययन गरी आवश्यक तयारी कार्य गर्न कृषि मन्त्रालयले जेठ १३ गते प्राविधिक कार्यदल गठन गरेको थियो । कार्यदलले अध्ययन गरी आवश्यक कार्ययोजनासहित प्रतिवेदन तयार पारिसकेको छ ।

मन्त्रालयले उक्त प्रतिवेदनका आधारमा सबै सम्बद्ध निकाय तथा प्रदेश, स्थानीय तहमा पर्याप्त संवाद र सहकार्यको काम भइरहेको जनाएको छ । यस बीचमा विश्व खाद्य तथा कृषि सङ्गठनका विज्ञसँगको परामर्श गरी सलहका सम्बन्धमा प्राविधिक जानकारी लिएर सावधानीका उपायसमेत अवलम्बन गरिएको छ । सलह कीराको संख्या, अवस्था, फैलावट, क्षतिको आँकलनलगायतको विषयमा जानकारी लिन संघीय निकाय र प्रदेशअन्तर्गतका प्राविधिकहरू परिचालित गरिएको छ । प्राविधिकको सम्पर्क र समन्वयमा यस कीराको व्यवस्थापनमा सक्रिय रहन तीनै तहका सरकारका सम्बन्धित निकायलाई अनुरोध गरेको छ ।

## अहिलेकै...

बुधबार भएका तीन उडानमध्ये हिमालय एयरलाइन्सले आबुधाबीबाट १ सय ५२ जना ल्याएको छ भने नेपाल एयरलाइन्सको जहाजबाट १ सय ४६ जना फर्किएका छन् । फ्लाई दुबईको जहाजबाट १ सय ५८ जना आएका छन् । मलेसियाको क्लालाम्पुरबाट मलेसियन एयरलाइन्सले १३ जना ल्याएको छ भने उक्त जहाज फर्किदा २८ जना लगेको छ ।

बिहीबार खाडीका विभिन्न देशसहित माल्दिभ्स र मलेसियाबाट ६ उडान रहेको त्रिभुवन अन्तर र्राष्ट्रिय विमानस्थलले जनाएको छ ।

# बाँस्कोटाको घरमा बम विस्फोट गराउने मुख्य योजनाकार पक्राउ



**काठमाडौं/मस-** पूर्वसञ्चार तथा सूचना, प्रविधिमन्त्री गोकुलप्रसाद बाँस्कोटाको घरमा बम विस्फोट गराउने मुख्य योजनाकार मानिएका ऐनबहादुर शाही भन्ने विजय शाहीलाई प्रहरीले पक्राउ गरेको छ ।

गत फागुन २८ गते बिहान मध्यपुरथिमि नगरपालिका-१ लोकन्थली मनोहरा आँखा अस्पताल नजीकै रहेको पूर्वमन्त्री बाँस्कोटाको घरमा बम विस्फोट गराएको अभियोगमा फरार रहेका नेत्रविक्रम चन्द (विप्लव) नेतृत्व भक्तपुरका सेक्रेटरीसमेत रहेका शाहीलाई प्रहरीले पक्राउ गरेको प्रहरी परिसर भक्तपुरका प्रहरी नायब उपरीक्षक दीपक गिरीले जानकारी दिए ।

प्रहरीले कालीकोट स्थायी घरभएका शाहीलाई ठिमीबाट पक्राउ गरेको बताउँदै उनले जिल्ला अदालतबाट म्याद थप भई थप अनुसन्धान शुरु गरिएको जानकारी दिए । बम विस्फोटमा संलग्न रहेको अभियोगमा प्रहरीले यसअघि नै अभिषेक भन्ने टेकबहादुर विक, अमृतबहादुर कुमाल, लक्ष्मण सेठी, देवीबहादुर गुरुङलाई पक्राउ गरेको थियो ।

जसमा जिल्ला अदालत भक्तपुरले चैत ३० गते देवीबहादुर गुरुङलाई साधारण तारेखमा छोडेको र अन्य तीन जनालाई पुर्पक्षका लागि डिल्लीबजार कारागार चलान गरी थप अनुसन्धान एवं कारवाही अगाडि बढाएको गिरीले जानकारी दिए ।

# जसपाद्वारा कपिलवस्तुमा प्रदर्शन

इमरान खान/मध्यान्ह
कपिलवस्तु, १७ असार

जनता समाजवादी पार्टी, नेपाल कपिलवस्तुले नागरिकता ऐन संशोधन गर्न बनेको विधेयक विभेद्कारी भएको भन्दै त्यसविरूद्ध सदरमुकाम तौलिहवामा विरोध प्रदर्शन गरेको छ । पार्टी कार्यलयबाट निकस्केको विरोध ऱ्याली सरकार विरोधी विभिन्न नारा लगाउँदै जिल्ला प्रशासन कार्यालय अगाडी पुगी कोण सभामा परिणत भएको थियो ।

कोण सभामा बोल्दै जसपाका नेताहरुले जातीय विभेद, सामाजिक तथा सांस्कृतिक विभेद, लैंगिक विभेद र असमानता कायम गर्ने तथा राष्ट्रिय एकता कमजोर पार्ने गरी ल्याइएको संशोधन प्रस्ताव आपत्तिजनक रहेको बताए । सरकारले ल्याइएको नागरिकता विधेयक मधेश विपरीत रहेको भन्दै नागरीकता विधेयक सच्याएर संसदबाट लैजान सरकारलाई अग्रह गरेका थिए ।




राजपा कपिलवस्तुका अध्यक्ष कैलाश अग्रहारीले विगतका नागरिकता ऐनमा भएका वैवाहिक अंगीकृत व्यवस्थालाई नै यथावत राखिनुपर्ने माग गरे । उनले भने 'नेपालीसँग विवाह गरेका विदेशी नागरिकले आफ्नो मुलुकको नागरिकता परित्याग गर्ने कारबाही चलाएको प्रमाणका आधारमा नेपाली नागरिकता प्रदान गर्ने व्यवस्था गरिनुपर्दछ ।' समाजवादी पार्टीका जिल्ला अध्यक्ष शैलेन्द्र कुमार यादवले विदेशी बुहारीलाई सात वर्षपछि मात्रै अंगीकृत नागरिकता दिने विदेशी ज्वाइँलाई नागरिकता नदिने प्रावधानविरुद्ध प्रदर्शन गरिएको जानकारी दिए ।

बिदेशबाट आएका बुहारीलाई सात वर्षपछि नागरिकता दिने गरी सरकारले ल्याएको प्रावधान मधेश बिरोधी रहेको बताउदै उनले मधेशको हित विपरीत विभेदकारी र नागरिकता विधेयक खारेज गनुपर्नेमा जोड दिएका थिए ।

कोण सभामा जसपाका केन्द्रीय सदस्य नरायण खनाल, प्रदेश उपाध्यक्ष अब्दुल रसिद खानलगायतले सरकारले ल्याएको नागरिकता विधेयक मधेशी विरोधी भएको भन्दै नागरिकता बिद्येयक सच्याउन माग गरेका थिए । प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिको बैठकले नेपाली नागरिकसँग विवाह गरेका विदेशी महिलालाई सात वर्षपछि मात्रै अंगीकृत नागरिकता प्रदान गर्ने निर्णय गरेको छ ।

# अस्ट्रेलियाको प्रतिरक्षा बजेटमा १९० अर्ब डलर थप



**क्यानबेरा, एपी**- अस्ट्रेलियाका प्रधानमन्त्री स्कट मोरिसनले आगामी एक दशकमा एकसय ९० अर्ब अमेरिकी डलरको अतिरिक्त प्रतिरक्षा बजेट खर्च गरिने घोषणा गरेका छन् । आफ्नो देशको सीमा रक्षाका लागि व्यवस्था गर्न लागिएको थप बजेटबाट लामो दूरीका क्षेप्यास्त्र समेतका अत्याधुनिक हातहतियारको व्यवस्था गरिने उनले बताए ।

प्रधानमन्त्री मोरिसनले कोरोनाकाल समाप्त भएसँगै विश्व अझ खतरापूर्ण अवस्थामा पुग्ने चेतावनी दिँदै आगामी दिनमा अस्ट्रेलियाको सार्वभौमसत्ता र अखण्डता सुरक्षित एवं सुदृढ गर्न संयुक्तराज्य अमेरिका समेतका परम्परागत मित्रराष्ट्रसंगको सम्बन्धलाई अझ प्रगाढ बनाइने बताए । उनले दोस्रो विश्वयुद्ध पछि अहिलेको जस्तो आर्थिक तथा रणनीतिक अस्थिरता कहिल्यै नदेखिएको पनि बताए ।

प्रधानमन्त्री मोरिसनले पछिल्ला दिनहरुमा भारत र चीनबीच तथा दक्षिण चीन सागरमा तनाबको अवस्था रहेको बताउँदै भने, "अस्ट्रेलियामा कोरोनाभाइरसको कहर मत्थर भएपनि कोरोनापश्चातको विश्वका लागि हामी तयार हुनुको विकल्प छैन जो निकै गरिब, बढी खतरापूर्ण र अव्यवस्थित हुनेछ ।" उनले एसिया-प्रशान्त क्षेत्रका मुलुकहरुले आफ्ना सैनिकको आधुनिकीकरण गरिरहेकाले पनि अस्ट्रेलियासामु चुनौती छ भने । प्रधानमन्त्री मोरिसनले चीन र संयुक्तराज्य अमेरिकाबीच राजनीतिक, आर्थिक तथा प्रविधिगत सर्वोच्चता कायम गर्न तिब्र प्रतिस्पर्धा भइरहेको कुरा कसैबाट लुकेको छैन भने ।

अस्ट्रेलियाली सेनाको क्षमता बिस्तार गर्न सरकारले अमेरिकाबाट पानीजहाज-भेदी एजीएम-१५८सी क्षेप्यास्त्र खरिद गर्नेछ । यसअघि १२४ किलोमिटरको दूरीसम्म मार हान्ने क्षमता रहेकामा अब ३७० किलोमिटरको दूरीसम्म प्रहार गर्ने क्षमता हुने अस्ट्रलिया सरकारको भनाई छ । नयाँ क्षेप्यास्त्र प्रविधि एफ-१८ सुपर हर्नेट लडाकू बिमानबाट प्रहार गर्न सकिने छ ।

## वेस्टइण्डिजका प्रशिक्षकलाई हटाउन माग




**काठमाडौं, एजेन्सी**- बारबाडोस क्रिकेट संघका अध्यक्ष कोन्डी रिलेले वेष्ट इन्डिज क्रिकेट टिमका प्रशिक्षक फिल सिमोन्सलाई तत्काल बर्खास्त गर्न माग गरेका छन् ।

वेष्ट इन्डिज क्रिकेट बोर्डका डाइरेक्टर समेत रहेका रिलेले आइसोलेसनमा रहेका बेला टिम छोडेर पारिवारीक अन्त्यष्टी समारोहमा सहभागि हुनु जिम्मेवारीको महसुस नभएको बताएका छन् ।

गत साताको अन्तिममा आफ्ना ससुरा वितेकाले वेष्ट इन्डिज क्रिकेट टिमलाई छोडेर अन्त्यष्टिमा सहभागि भएका थिए । उनी फर्किएपछि टिम बसेको होटेलमा १४ दिनको क्वारेन्टिन विताउन भनिएको छ र उनी त्यहि गरिरहेका छन् । रिलेले वेष्ट इन्डिजको बोर्डलाई इमेल लेख्दै यदि सिमोन्सले टिम छोडेर बाहिर गएको हो भने उनलाई तत्काल प्रशिक्षक पदबाट हटाउनुपर्नेमा जोड दिएका छन् ।

उनले आफुसँग खेलाडीका परिवार र आमाबुवाले चिन्ता ब्यक्त गरेको भन्दै सिमोन्सको यो ब्यवहार असैह्य रहेको बताए ।

वेष्ट इन्डिजमा हाल इंग्ल्याण्ड भ्रमणमा रहेका १४ खेलाडीमा नौ जना बारबाडोसबाट छन् । यसका साथै रिजर्भ खेलाडीमा रहेका ११ जनामा चार जना पनि बारबाडोसबाट प्रतिनिधित्व गर्छन् ।

तर वेष्ट इन्डिज क्रिकेटले भने सिमानेन्सलाई अन्त्यष्टीमा जानका लागि बोर्डले नै अनुमति दिएको बताएको छ । उनी होटेलबाट बाहिर जान र आउनेबेला पुरै स्वास्थ्य सुरक्षाको ख्याल गरेर चिकित्सकसँगका सल्लाहमा गरिएको क्रिकेट वेष्ट इन्डिजले जनाएको छ ।

## भारतमा झण्डै छ लाख सङ्क्रमित



**नयाँदिल्ली, एजेन्सी**-महामारीका रुपमा फैलिएको कोरोनाभाइरसबाट सङ्क्रमित हुनेहरुको संख्या भारतमा छ लाख पुग्न लागेको छ । सरकारी अधिकारीहरुले बुधबार दिएको जानकारी अनुसार भारतमा हालसम्म कोरोनाभाइरसबाट पाँच लाख ८५ हजार ४९३ जना सङ्क्रमित भएका छन् । तीमध्ये पछिल्लो २४ घण्टामा मात्रै १८ हजार ६५३ जना कोरोनाभाइरसबाट सङ्क्रमित भएको अधिकारीहरुले जनाएका छन् । केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले दुई लाख २० हजार ११४ जना अझै पनि सङ्क्रमित अवस्थामै रहेको जनाएको छ । कुल सङ्क्रमितमध्ये तीन लाख ४७ हजार ९७९ जना सङ्क्रमणमुक्त भएको मन्त्रालयको तथ्याङ्कमा उल्लेख गरिएको छ । भारतमा कोरोनाभाइरसका कारण अहिलेसम्म १७ हजार ४०० जनाको मृत्यु भइसकेको छ । ती मध्ये ५०७ जनाको मृत्यु पछिल्लो २४ घण्टामा भएको हो ।

प्रदेश अनुसार हेर्दा भारतमा सबैभन्दा धेरै सङ्क्रमित महाराष्ट्रमा देखिएका छन् । त्यहाँ कुल सङ्क्रमितको संख्या एक लाख ७४ हजार ७६१ पुगेको छ । त्यसैगरी तमिलनाडुमा ९० हजार १६७ जना सङ्क्रमित भएका छन् । अधिकारीहरुका अनुसार तमिलनाडुमा एक हजार २०१ जनाको मृत्यु भएको छ भने दिल्ली प्रदेशमा ८७ हजार ३६० जना सङ्क्रमित भएका छन् ।

## भेनेजुएलामा संसदको निर्वाचन डिसेम्बरमा



**काराकास, एएनआई** - भेनेजुएलाको संसदको आमनिर्वाचन आगामी डिसेम्बरमा गर्नेगरी तयारी शुरु भएको निर्वाचन आयोगले जनाएको छ ।

आयोगका अध्यक्ष अल्फन्जो इजागुरले भेनेजुएलामा आगामी डिसेम्बरमा २७७ सदस्यीय संसदका लागि चुनाव हुने जानकारी दिए । यसपटकको चुनावमा ६६ प्रतिशतभन्दा बढी संख्यामा सांसदहरु चुनिन लागेका हुन् ।

भेनेजुएला सरकारले यसै वर्ष नेसनल एसेम्ब्लीका लागि चुनाव गर्ने पटकपटक प्रतिबद्धता जनाइरहेको अवस्थामा चुनावको महिना घोषणा भएको हो । त्यस्तै राज्यका गभर्नरको चुनाव पनि सन् २०२१ मा गर्ने घोषणा गरिएको छ ।

## स्वास्थ्य क्लिनिकमा बिस्फोट, १९ को मृत्यु


© EPA

**तेहरान, एएनआई** - इरानको राजधानी तेहरानस्थित एक स्वास्थ्य क्लिनिकमा भएको ठूलो बिस्फोटन र आगलागीका कारण कम्तीमा १९ जनाको मृत्यु भएको छ । इरानी आपतकालीन सेवाका अनुसार मृत्यु हुनेहरुमा १५ जना पुरुष र ४ जना महिला रहेका छन् । प्रारम्भिक अनुसन्धानमा स्वास्थ्य उपचार गर्ने एक क्लिनिकको तल्लो तलामा राखिएका अक्सिजनका सिलिण्डर बिस्फोट भएका थिएको पाइएको छ ।

प्रहरी र उद्धारकर्मीले घटनास्थलबाट अरु घाइतेको उद्धार गरी अस्पताल लगेका थिए । उक्त घटनामा कुनै असामाजिक तत्वको संलग्नता रहे नरहेको बारेमा प्रहरीले अनुसन्धान पनि शुरु गरेको जनाएको छ ।

## फुटबलमा रंगभेदको घटना बढ्दो




**काठमाडौं, एजेन्सी**-अमेरीकामा जर्ज फ्लोयडको हत्यापछि रंगभेद विरुद्धको भेदभाव मुद्दा विश्व भरमा नै फैलिएको छ । पछिल्लो पटकको रिपोर्टका अनुसार खेलमा कमेन्ट्रि गर्नेहरुले पनि खेलाडीसँग रंगभेद गर्ने गरेको बताइएको छ ।

प्रोफेशनल फुटबल एसोसियसनको डैनीस फर्म रन रिपीटले गरेको अनुशन्धानमा स्पेनीस लिग, इंग्लिस प्रिमियर, इटालियन लिग, फ्रेन्च लिगका ८० खेलको विश्लेषण गर्दा कमेन्टेटर गोरो छाला भएको खेलाडीसँग बढि नजिक हुने गरेको रिपोर्ट सार्वजनिक गरिएको छ ।

त्यहि कालो छालावाला खेलाडीको क्षमत, ताकत र पावरको बारेमा कुरा हुने गरेकोमा गोरो छाला भएका खेलाडी दिमागी हिसावले बलियो भएको र कामको बढि क्षमता भएको भन्ने गरेको बताए ।

गोरो छाला भएका खेलाडीको तुलनामा कालो छाला भएका खेलाडीसँग गरिने ब्यवहार फरक रहेको पाइएको छ । अनुसन्धानले ६३४ खेलाडीमा रिसर्च गरेको थियो । जसमा दुई हजार ७४ जना कमेन्टेटरको समिक्षा गरेको थियो । खेलाडीको छालाको आधारमा एक देखि २० सम्म स्कोर दिइएको थियो । त्यसमा कालो छाला र गोरो छाला भनेर नाम दिइएको थियो । रिसर्च अनुसार काला खेलाडीको ताकतमा ६ दशमलव ५९ गुणा बढि भएको देखाइएको छ ।

यस्तै उनीहरुको गति तीन दशमलव तीन आठ गुणा बढि कमेन्ट गरेको पाइएको छ । इन्टेलिजेन्ट र इथिक्सका हिसावले ६० प्रतिशत भन्दा बढि गोरा छाला भएको खेलाडीमा कमेन्ट गरेको देखिएको छ । रंगभेदीको आरोप तिब्ररुपमा बढिरहेका बेला प्रिमियर लिग फुटबलका म्यानेजरहरुको संख्या बढाइने बताइएको छ । अहिले इंग्लिस फुटबलमा ९१ क्लवमा मात्र ६ जना कालाजातिका प्रशिक्षक रहेका छन् ।

रंगभेदीको विरोधको समर्थन गर्दै मर्सिडिज कम्पनीले फर्मुला वनले पनि कालो रंगको गाडी प्रतियोगितामा प्रयोग गर्ने भएको छ । कोरोनाका कारण स्थगित भएको फर्मुला वानको सिजन जुलाई पाँच तारिखबाट सुरु हुनेछ ।

## अमेरिकामा कोरोनाइभाइरसको भ्याक्सिनको परीक्षण जारी


(© Shutterstock)

**वासिङ्टन, एएनआई** - संयुक्तराज्य अमेरिकाको खाद्य तथा औषधि प्रशासन (एफडीए) ले कोरोनाभाइरसको भ्याक्सिनको क्लिनिकल परीक्षणका लागि अनुमति दिएको छ । एफडिएका प्रमुख स्टिफेन हानले चार किसिमका खोपहरुको क्लिनिकल परीक्षणका लागि अनुमति दिइएको जानकारी दिए । उनले अरु छ किसिमका खोप पनि परीक्षणको क्रममा रहेको बताए । अमेरिकी प्रशासनले सन् २०२१ को जनवरीसम्ममा कोविड-१९ का लागि ३० करोड भ्याक्सिन उत्पादन गरी बितरण गर्ने लक्ष्य राखेको छ ।

यसैबीच, अमेरिकी संक्रामक रोग विज्ञ एन्थोनी फाउचीले अमेरिकामा सुरक्षित र कामकाजी किसिमको भ्याक्सिन तयार हुनेमा अझै आशावादी हुने लक्षण नदेखिएको चेतावनी दिए । उनले भ्याक्सिनका प्रभावकारिता सम्बन्धी विवरणहरु आगामी वर्षको शुरुतिर मात्र प्राप्त हुने पनि दिए ।

## ब्राजिलमा चार अन्तर्राष्ट्रिय खेलाडी कोरोनाबाट सङ्क्रमित




**काठमाडौं/रासस**- विश्वभरी महामारीको रुपमा फैलिएको कोरोनाभाइरसबाट ब्राजिलमा चार जना अन्तर्राष्ट्रिय फुटबल खेलाडी पनि सङ्क्रमित भएका छन् । सङ्क्रमित खेलाडीहरुको नामावली सार्वजनिक नगरिए पनि उनीहरुलाई अहिले स्वास्थ्यकर्मीहरुको निगरानीमा अलग राखेको छ ।

ब्राजिलको पोट्रो एलेग्रा फुटबल क्लबले मंगलबार वक्तव्य जारी गर्दै आफ्ना चार खेलाडी सङ्क्रमित भएको र उनीहरुको अहिले उपचार भइरहेको पुष्टि गरेको छ । उनीहरुको फेरि परीक्षण गरिनेछ, वक्तव्यमा उल्लेख छ । ब्राजिलमा आगामी अगस्ट ८ तारिखदेखि सिरी ए लिग शुरु हुने कार्यतालिका सार्वजनिक गरिएको थियो ।

पूर्वनिर्धारित तालिका भन्दा तीन महिना पछाडि सारेर सो च्याम्पियनसीप शुरु गर्ने तयारी गरिएको हो । ब्राजिलमा १४ लाखको हाराहारीमा कोरोनाभाइरस संक्रमित पुगिसकेका छन् भने झण्डै ६० हजारको मृत्यु भइसकेको छ ।


**Government of Nepal**
**Ministry of Physical Infrastructure and Transport**
**Department of Roads**
**Puspalal (Midhill) Highway Project Directorate**
**Puspalal (Midhill) Highway Project Office**
**Kushma, Parbat**

**Public Notice**

**(Date of publication: 2077/03/18)**

This is to notify as per rule 145 of Public Procurement Regulation 2064 to all general public that Puspalal (Midhill) Highway project office, Parbat had carried out the following works to protect road and opening of traffic.

| S. N. | Description of Works | Name of Contractor | Amount with VAT |
|---|---|---|---|
| 1 | Protection work ( River Training ) and opening of Baglung Burtibang washout Road near Turture, ch 85+00 km due to Turture Lake outbreak. | M/S A .C. Construction, Baglung | 55,72,952 |

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

दोस्रो पटक प्रकाशित मिति २०७७/०३/१८

यस कम्पनीको मिति २०७६/१०/११ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **साहारा फिजियोथेरापी अस्पताल एण्ड ट्रेनिङ्ग सेनटर प्रा.लि. (प्रा.लि.नं. १४२९५७)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७६/०१/२८ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **साहारा फिजियोथेरापी हस्पिटल ट्रेनिङ्ग सेन्टर प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०४६/१०/०६ मा दर्ता भएको **प्रा.लि. नं. ३८४४** को **बाबु रबर एण्ड प्लाष्टिक इण्डष्ट्रिज प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७७/०३/१७ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**प्रतिनिधि (Agent) खारेजी सम्बन्धी सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न ईजाजत प्राप्त यस आवर डेष्टिनी इम्प्लोइमेन्ट सर्भिसेज प्रा. लि. श्रम इजाजत पत्र नं.: ७४२/०६४/०६५ ले तपशिलमा उल्लेखित नाम थर, ठेगाना उल्लेख भएका व्यक्तिलाई तपशिलमा उल्लेखित जिल्लाको लागि प्रतिनिधि (Agent) नियूक्त गरि निज एजेन्टहरुले यस कम्पनीको प्रतिनिधि (Agent) भई हालसम्म कामकाज गरि आएकोमा केहि नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ (प्रमाणिकरण मिति २०७६/०७/२०) को दफा २६ को उपदफा १० (क) ले वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४७ को उपदफा २ मा गरिएको संशोधित व्यवस्था अनुसार वैदेशिक रोजगार व्यवसायीका प्रतिनिधि (Agent) रहने व्यवस्था खारेज भएकोले सोहि ऐनको व्यवस्था अनुसार यस कम्पनीले नियुक्त गरेका तपसिलमा उल्लेखित प्रतिनिधी (Agent) को इजाजत खारेज गरिएको हुँदा सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.स. | एजेन्टको नाम थर | ठेगाना | कार्यक्षेत्र | कैफियत |
|---|---|---|---|---|
| १. | शुभाष नेपाल | विरेन्द्रनगर-३, चितवन | चितवन | प्रतिनिधि (Agent) खारेजी |
| २. | जितेन्द्र प्रसाद सिटौला | डाँगीबारी-८, झापा | झापा | |

श्रम इजाजत नं.: ७४२/०६४/०६५

**आवर डेस्टिनी इम्प्लोइमेन्ट सर्भिसेज प्रा. लि.**
काठमाडौं विजनेस पार्क, ई-ब्लक, दोस्रो तल्ला, टेकु,
फोन नं. ४१०४५९७, ४१०४५७४

# कामदार सबै घर गएपछि नागढुङ्गा सुरुङमार्ग निर्माणको काम ठप्प

**सञ्चिता घिमिरे / रासस**
काठमाडौँ, १७ असार




नागढुङ्गास्थित नेपालको पहिलो सुरुङमार्ग निर्माणको काम अघि बढ्न सकेको छैन । कोभिड-१९ नियन्त्रणका लागि सरकारले जारी राखेको बन्दाबन्दीमा सुरुङमार्ग निर्माण ठप्प भएको हो ।

सो आयोजनाको निर्माण शुरु भएको केही दिनमा नै बन्दाबन्दी कारण यहाँ कार्यरत विदेशी र नेपाली सबै फर्किएपछि निर्माणको काम ठप्प भयो । निर्माण कम्पनीले आवश्यक सबै सामग्री निर्माणस्थलमा ल्याए पनि जनशक्तिका अभावमा काम हुन नसकेको सडक विभाग, विकास सहायता समन्वय महाशाखाले जनाएको छ । सरकारले ४२ महिनामा निर्माण सक्ने गरी हाज्मा आङ्लो कर्पोरेशनलाई निर्माणको जिम्मेवारी दिएको थियो । जापान सरकारको ऋण सहयोगमा निर्माणाधीन सो आयोजनामा लामो समयसम्म काम नहुँदा निर्धारित समयमा निर्माण सम्पन्न नहुने देखिएको महाशाखाका प्रमुख अर्जुनजङ्ग थापाले बताए ।

उनका अनुसार निर्माणस्थलमा अहिले १०/१२ स्थानीय कामदार मात्रै छन् । उनले भने,“पाँचसात सय जना काम गरिरहेकामा १०/१२ जनाले के गर्नु छ र ?” सरकारले गत चैत ११ मा बन्दाबन्दी लागू गरे पनि कम्पनीले निर्माणको काम रोकेको थिएन । स्थानीयवासीले विरोध गरेपछि काम रोकेर कामदारलाई उनीहरूको घरघर फर्काइएको प्रमुख थापाले बताए । जापानी संस्थाले सरकारको नियमको पालना गर्दा नेपालीलाई पनि घर फर्काएको थियो भने विदेशी कामदार पनि फर्किएका थिए । बन्दाबन्दी लागू भएको एक महिनापछि विकानिर्माणलाई निरन्तरता दिइने भने पनि निर्माणस्थलमा काम गर्ने वातावरण नबनेको उनले बताए ।

उनले भने, “टाढाटाढाका जिल्लामा गएकालाई फर्काएर ल्याउन सक्ने अवस्था थिएन ।” निर्माण कम्पनीले गत असोजदेखि काम शुरु गरे पनि शुरुको महिनामा कामदार र निर्माण सामग्री व्यवस्थापनको काम गरेको थियो । कतिपय सामग्री नेपाली भए पनि कतिपय जापानबाट ल्याइएको उनले बताए । कम्पनीले विस्फोटक पदार्थका लागि अनुमति पाइसकेको छैन । उनले भने,“हामीले मागेभन्दा आधाको मात्रै स्वीकृति पाएका छौँ ।” निर्माण शुरु भएको पाँच छ महिनाको अवधिमा कम्पनीले माटो सम्याउने, आवश्यक सामग्रीको व्यवस्थापन गर्ने, जनशक्ति ल्याउनेलगायत काम अघि बढाएको सडक विभागले जनाएको छ । कम्पनीले अहिले आयोजनास्थलसम्म पुग्ने पहुँच सडक निर्माण शुरु गरिसकेको छ । सोही आयोजनाअन्तर्गत काठमाडौँतर्फ बलम्बुसम्म दुई दशमलव पाँच किमी र धादिङतर्फ ५०० मिटर सडक निर्माण हुँदैछ । आयोजना हेर्ने गरी शिविर कार्यालय निर्माण र निर्माणस्थललाई पर्खालले घेर्ने काम भइसकेको छ ।

सुरुङको कूल लम्बाइ दुई दशमलव सात किमिको हुनेछ । आयोजनाअन्तर्गत साढे नौ मिटर र चार मिटर गरेर दुई सुरुङ निर्माण हुनेछ । दुई ‘फ्लाइओभर’, एउटा सर्भिस सेन्टर र ३.१ किलोमिटर नयाँ सडक निर्माण हुने बताइएको छ। सुरुङमार्गकै मुख र सतुङ्गलमा ‘फ्लाइओभर’ बनाउन लागिएको छ । अन्तरराष्ट्रिय मापदण्डानुसार एउटा लेनको चौडाइ साढे तीन मिटर हुने विभागले जनाएको छ । तीन लेन नपुगे पनि मुख्य सुरुङमार्गमा तीन सवारीसाधन सहज आवतजावत गर्न सक्नेछन् । एउटा गाडी बिग्रँदा पनि दुई वटै गाडी चल्न सक्नेछन् । सहायक टनेल तत्काल उद्धारका लागि हुने बताइएको छ । ठाउँठाउँमा मुख्य सुरुङबाट सहायक सुरुङ प्रवेशद्वार बन्नेछ ।

सुरुङमार्ग खन्दा आएका मजबुत ढुङ्गा र माटो त्यहीँ निर्माणका क्रममा प्रयोग हुने प्रमुख थापाले बताए । माटोलाई भने सिस्ने खोलामा भरेर सोही स्थानमा ‘सर्भिस सेन्टर’ निर्माण गरिने छ । सो स्थानमा बसपार्क, तरकारी सङ्कलन केन्द्रलगायत कक्ष हुने बताइएको छ । निर्माण सम्पन्न हुनासाथ केन्द्र धुनिबेँसी नगरपालिकामा नै हस्तान्तरण हुनेछ। केन्द्रबाट सेवा शुल्क उठाएर नगरपालिकाले आर्थिक उपार्जन गर्ने र त्यसैको व्यवस्थापनमा खर्च गर्ने गरी योजना बनाइएको थियो । काठमाडौँ उपत्यका छिर्ने मुख्य नाकाको चाप कम गर्न निर्माण गर्न लागिएको सो सुरुङमार्गले सञ्चालन भएको सात वर्षमा लगानी बराबरको प्रतिफल दिने अध्ययनमा उल्लेख छ । आयोजना सम्पन्न गर्न रु २२ अर्ब लाग्नेमा जाइकाले रु १६ अर्ब सहयोग गर्ने र रु छ अर्ब नेपाल सरकारले आन्तरिक स्रोतबाट परिचालन गर्ने नागढुङ्गा सुरुङमार्ग निर्माण महाशाखाले जनाएको छ ।

# बजार खुलेको तेस्रो दिन पनि नेप्सेमा सकारात्मक सर्किट

**मध्यान्ह संवाददाता**
काठमाडौँ, १७ असार




धितोपत्र बजारमा शेयर कारोवार मापक नेप्से परिसूचक ६ प्रतिशतले बढेपछि नेपाल स्टक एक्सचेन्जले बुधबारका लागि कारोवार स्थगन गरेको छ। स्टकका अनुसार मङ्गलबारकै लयमा नेप्सेमा उच्च अङ्कको वृद्धिसँगै कारोवार स्थगन भएको बुधबार दोस्रो दिन हो । कोरोनाको कारण झण्डै १०० दिनपछि खुलेको बजारमा सोमबार नेप्से दोहोरो अङ्कले घटेको थियो। मङ्गलबार र बुधबार भने नेप्सेमा सकारात्मक सर्किट लागेको छ। स्टकका अनुसार नेप्से ७५.७७ बिन्दुले बढेर एक हजार ३६६.५२ मा पुगेको छ ।

यस्तै सेन्सेटिभ परिसूचकसमेत १५.१० अर्थात् ५.५५ प्रतिशतले वृद्धि भएको छ। कूल १३५ कम्पनीको ११ लाख एक हजार दुई कित्ता शेयर रु ४० करोड ७३ लाख ५२ हजार २४७ मा कारोवार भयो। कारोवार भएका १२ उपसमूहमध्ये बुधबार होटल उपसमूहको शेयर ओरालो लागेको छ । अन्य ११ समूहको शेयर भने वृद्धि भएको छ। होटल ५.१५ अङ्कले घट्दा बैंङ्किङ ८२.३, व्यापार ३३.४८, विकास बैंक ५७.०६, जलविद्युत् ३३.६७, वित्त ४.७५, निर्जीवन बीमा ३२२.४१, उत्पादन १०२.५७, अन्य २०.९४, माइक्रोफाइनान्स १०१.२३, जीवन बीमा ५४८.५३ र सामूहिक लगानी कोष ०.०१ अङ्कले बढेका छन् ।

कारोवार रकमका आधारमा नेपाल लाइफ इन्सुरेन्स कम्पनी शीर्ष स्थानमा रहेको छ । सो कम्पनीको शेयर रु ६ करोड ७६ लाख ९४ हजार ९३१ मा खरिद बिक्री भयो । यस्तै कुमारी बैंक लिमिटेडको संस्थापक शेयर रु चार करोड ९९ लाख ५० हजार, हिमालयन डिस्टिलरी लिमिटेड रु चार करोड २४ लाख ७८ हजार ७५, शिवम् सिमेन्ट्स लिमिटेडको रु दुई करोड ५७ लाख ८१ हजार ११४, एनआइसी एसिया बैंक रु एक करोड ७८ लाख ७४ हजार ५७८ र एनएमबी बैंकको रु एक करोड ७६ लाख ६१ हजार ९४२ मा खरिदबिक्री भए। सिटिजन बैंक इन्टरनेशनलका लगानीकर्ताले १० प्रतिशतले कमाउँदा साना किसान विकास बैंक ९.९८, नागरिक लगानी कोष ९.९७, नेशनल लाइफ इन्सुरेन्स कम्पनी ९.९७, आरएमडिसी लघुवित्त वित्तीय संस्था ९.९५ र बुटवल पावर कम्पनीका शेयरधनीले ९.९४ प्रतिशतले कमाए । यस्तै नेशनल माइक्रोफाइनान्स वित्तीय संस्था ३.९२, ओरियन्टल होलट ३.२७, नेपाल दूरसञ्चार कम्पनी २.३५, गुह्वेश्वरी मर्चेन्ट बैंक तथा फाइनान्स कम्पनी १.७९, आइसिएफसी फाइनान्स १.२१ र बरुण हाइड्रोपावर कम्पनीका लगानीकर्ताले १.१८ प्रतिशतले गुमाए ।

# खाद्य कम्पनीबाट सुर्खेतमा अनलाइन होम डेलिभरी





**काठमाडौँ/मस**-खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले सुर्खेतमा अनलाइन होम डेलिभरी शुरु गरेको छ । मङ्गलबारदेखि अनलाइन होम डेलिभरी सेवालाई विस्तार गरी कर्णाली प्रदेशको राजधानी सुर्खेत कार्यालयबाट होम डेलिभरी सेवाको शुरुआत गरिएको कम्पनीका प्रमुख कार्यकारी अधिकृत नेत्रप्रसाद सुवेदीले जानकारी दिए ।

बन्दाबन्दीका कारण समस्यामा परेका उपभोक्तालाई ध्यानमा राख्दै कम्पनीले पहिलो चरणमा चक्रपथभित्र गत चैत २६ गतेदेखि अनलाइनमार्फत होम हेलिभरी सेवा प्रदान गर्दै आएको छ । बन्दाबन्दी केही खुकुलो भएसँगै कम्पनीले निजी कम्पनी सस्तोडिलसँग व्यापार साझेदारी गरी चक्रपथ बाहिर खाद्य पदार्थ निःशुल्क रूपमा (डेलिभरी चार्ज नलिई) होम डेलिभरी गर्दै आएको छ ।

काठमाडौँपछि पहिलो प्रदेशका रूपमा सुर्खेतबाट अनलाइन बिक्रीवितरण सेवा सञ्चालन गरिएको कर्णाली प्रादेशिक कार्यालयका प्रमुख भीम थापाले जानकारी दिए । “शुरुआती चरणमा हामीले तीन प्रकारका चामल र कर्णालीको फापर बिक्री वितरणमा राखेका छौँ, उपभोक्ताको मागअनुसार अन्य सामग्री विस्तार थप गर्दै जानेछौँ”, उनले भने ।

उनका अनुसार मङ्गलबार चार अर्डर आएको र डेलिभरीसमेत गरिसकिएको छ । “पहिलो चरणमा वीरेन्द्रनगर नगरपालिकाभित्र र विस्तारै जिल्लाभर सेवा सञ्चालनको योजना रहेको छ”, उनले भने, “कम्पनीको आफ्नै गाडीमा डेलिभरी शुल्क नलिई सेवा प्रवाह गर्नेछौं ।” कम्पनीले काठमाडौँ उपत्यकाभित्र तीन प्रकारका चामल (रञ्जित स्टिम चामल, सोना चामल, जापानी चामल), कर्णालीमा उत्पादित सिमी, केराउ दाना, मुसुरो र रहरको दाल, गहुँको पिठो, आयो नून, डिडिसीको शुद्ध घ्यु, वाल्ट्रा कम्पनीको इन्फ्रारेड चुलो र स्यानिटाइजर अनलाइनमार्फत बिक्रीवितरण गर्दै आएको छ । अनलाइनमार्फत अर्डर गर्न नेपाल बैंक लिमिटेड र सेञ्चुरी बैंकको खल्ती वा इ-सेवामार्फत ‘इ-पेमेन्ट’ गरेर सामान अर्डर गर्न सकिने व्यवस्था छ ।

# यातायात सञ्चालन नभएको समयमा सहुलियतको आश्वासन



**काठमाडौँ/मस**- नेपाल यातायात व्यवसायी महासङ्घले यातायात सञ्चालन नभएको समयमा बैंकको कर्जा, सवारीसाधनको विभिन्न कर छुटको माग गरेको छ। महासङ्का अध्यक्ष योगेन्द्र कर्माचार्य नेतृत्वमा गएको महासङ्घको टोलीले अर्थ सचिव शिशिरकुमार ढुङ्गानालाई बुधबार मन्त्रालयमा विज्ञप्ति बुझाउँदै यातायात व्यवसायमा रहेका समस्या सुनाउँदै सहुलियतको माग गरेको हो । महासङ्घले सवारीसाधनको बैंक किस्ता स्थगन, ब्याजको पुनःविचार र पुनःकर्जाको व्यवस्था गर्न माग गरेको छ । अर्थसचिव ढुङ्गानासँग चालक अनुमतिपत्र, सवारीसाधनको जाँचपास, रुट इजाजतलगायतका कागजातको नवीकरण स्थगनसमेत माग गरिएको महासङ्घका महासचिव सरोज सिटौलाले बताए । महासङ्घको मागप्रति अर्थ सचिव ढुङ्गाना सकारात्मक रहेको पनि सिटौलाले जानकारी दिए । महासङ्घले यस अघि पनि पटक-पटक विभिन्न मन्त्रालय र विभागका प्रतिनिधि भेटेर सवारीसाधन सञ्चालन नभएको समयमा सहुलियतको माग गर्दै आएको छ । बुधबार नै ट्याक्सी चालकले यातायात व्यवस्था विभागमा ट्याक्सी सञ्चालन गर्न पाउनुपर्ने माग गरेका छन् । सरकारले गत चैत ११ देखि जारी राखेको बन्दाबन्दीमा निजी सवारीसाधन जोर विजोर प्रणालीमा सञ्चालन भए पनि सार्वजनिक सवारीसाधन खुलाउने सम्बन्धी कुनै निर्णय गरेको छैन ।

# हिमालय एयरलाइन्सले सार्वजनिक गऱ्यो चार्टर्ड उडान तालिका




**काठमाडौँ/मस**-हिमालय एयरलाईन्सले आजदेखि जुलाई १० तारिखसम्मको उद्धार चार्टर्ड उडानको समयतालिका सार्वजनिक गरेको छ । कम्पनीले बुधबार एक सूचना जारी गर्दै विभिन्न देशमा अलपत्र रहेका नेपालीको उद्धार गर्ने उद्धेष्यले उक्त समयतालिका सार्वजनिक गरेको हो । हिमालय एयरलाईन्सका अनुसार आज बिहीबार कम्पनीले माल्दीभ्सको मालेमा आफ्नो चार्टर्ड उडान भर्नेछ। यस्तै भोली अर्थात शुक्रबार भने कम्पनीले अबुधावीमा चार्टर्ड उडान भर्ने भएको छ । कम्पनीले अबुधावीमा लगातार २, ४, ६, ८ १० तारिखमा आफ्नो चार्टर्ड उडान भर्ने बताएको छ। साथै कम्पनीले साउदी अरेबीया, कुवेत, कतार, मलेशिया र चिनमा पनि क्रमशः चार्टर्ड उडान भर्ने जनाएको छ । कम्पनीले उक्त चार्टर्ड उडानको समयतालिकासँगै भाडादर पनि सार्वजनिक गरेको छ ।

# ग्लोबल आईएमई बैंक र सेलपेबीच सहकार्य

**काठमाडौँ/मस**-ग्लोबल आईएमई बैंक लिमिटेडले आफ्ना सबै ग्राहकहरुमा डिजिटल भुक्तानी सेवा प्रर्वद्धन गर्नका लागि नेपाल राष्ट्र बैंकद्वारा अनुमति प्राप्त भुक्तानी सेवा प्रदायक सेलपेसँग सहकार्य गरेको छ। सहकार्य सम्झौतामा बैंकका प्रमुख कार्यकारी अधिकृत परशुराम कुँवर क्षेत्री र सेलकम प्रालि. का प्रबन्ध निर्देशक पवन प्रधानले हस्ताक्षर गरेका छन्। सेलपे, सेलकम प्रालिद्वारा संचालित, नेपाल राष्ट्र बैंकद्वारा अनुमति प्राप्त भुक्तानी सेवा प्रदायक हो, जसले मोबाइल तथा वेबको माध्यमबाट आफ्नो बैंक खाता मार्फत डिजिटल माध्यमबाट भुक्तानी तथा रकम स्थानान्तरण सेवा प्रदान गर्दछ। भुक्तानी सुरक्षित तथा विश्वसनीय बनाउनका लागि सेलपेलाई विभिन्न अन्तर्राष्ट्रिय मापदण्ड अनुसार सुरक्षा प्रणालीभित्र रही विकास गरिएको छ । सेलपे मार्फत गरिएको भुक्तानी वास्तविक समयमा हुन्छ। ग्राहकहरुले सेलपेमा आवद्ध गरि सकिएका अन्य बैंकमा वा त्यहाँबाट ग्लोबल आईएमई बैंकको खातामा दर्ता गरिएको मोबाइल नम्बर मार्फत रकम स्थानान्तरण गर्न सक्ने छन् । ग्राहकहरुले सेलपे भुक्तानी सेवा रहेका स्थानहरुमा सेलपे मार्फत अन्य व्यापारिक भुक्तानी गर्र्न सक्नेछन् । यसमार्फत मोबाइलको टप-अप, बिजुलीको बिल, खानेपानीको बिल, इन्टरनेटको बिल, टि.भीहरुको बिल, स्वदेश भित्र गरिने रेमिट्यान्स पठाउन(पाउन, बिमा रकम भुक्तानी, इएमआई भुक्तानी, बिमा रकम भुक्तानी, कोविड(१९ को बिमा रकम भुक्तानी तथा शेयर कारोबारको भुक्तानी गर्न सकिने छ। सन् २०१२ मा स्थापना भएको ग्लोबल आई.एम.ई. बैंकले २५७ शाखाहरु, ३८ एक्सटेन्सन, २४९ शाखा रहित बैंकिङ्ग सेवा र २४३ एटीएमहरुमार्फत ग्राहकहरुलाई सेवा पुर्याउँदै आएको छ ।

विज्ञापन रकम भुक्तानीबारे
अत्यन्त जरूरी सूचना

यस **मध्यान्ह राष्ट्रिय दैनिक**मा विज्ञापन प्रकाशित गरी कारोबार गर्दै आउनुभएका **विज्ञापन एजेन्सी** तथा अन्य **विज्ञापनदाताहरू**ले विज्ञापन प्रकाशित गरे वापत हालसम्मको बाँकी बक्यौता रकम यही **मिति २०७७ असार २५ गते** भित्र भुक्तानी गर्नुहुन पुन सूचित गरिन्छ ।

अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्योट तथा मिलान नगरिएमा यस **मध्यान्ह राष्ट्रिय दैनिक** को रेकर्डमा रहिआएको हिसाब नै अन्तिम मानिने र हाल उपलब्ध गराइएको सुबिधासमेत उपलब्ध नगराइने तथा रकम भुक्तन नगर्ने कम्पनी/संस्थाहरुको नाम सार्वजनिक गरी रकम भुक्तानीका लागि कानून बमोजिम कार्बाही अगाडी बढाइने व्यहोरा समेत यसै सूचनामार्फत जानकारी गराइन्छ ।

लेखा शाखा
मध्यान्ह
Madhyanha National Daily राष्ट्रिय दैनिक
बागबजार, काठमाडौं, फोन नं. : ४२२६३६६, ४२२८२९८
Email: madhyanhadaily59@gmail.com, madhyanhadaily59@yahoo.com

विज्ञापन रकम भुक्तानीबारे
अत्यन्त जरूरी सूचना

यस **मध्यान्ह मिडिया प्रा.लि.**मार्फत विभिन्न पत्र पत्रिकामा विज्ञापन प्रकाशन गरी कारोबार गर्दै आउनुभएका **विज्ञापनदाताहरू**ले विज्ञापन प्रकाशित गरे वापत हालसम्मको बाँकी बक्यौता रकम यही **मिति २०७७ असार २५ गते** भित्र भुक्तानी गर्नुहुन पुन सूचित गरिन्छ ।

अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्योट तथा मिलान नगरिएमा यस **मध्यान्ह मिडिया प्रा.लि.** को रेकर्डमा रहिआएको हिसाब नै अन्तिम मानिने र हाल उपलब्ध गराइएको सुबिधासमेत उपलब्ध नगराइने तथा रकम भुक्तन नगर्ने कम्पनी/संस्थाहरुको नाम सार्वजनिक गरी रकम भुक्तानीका लागि कानून बमोजिम कार्बाही समेत अगाडी बढाइने व्यहोरा यसै सूचनामार्फत जानकारी गराइन्छ ।

लेखा शाखा
मध्यान्ह मिडिया प्रा.लि.
बागबजार, काठमाडौं
फोन नं. : ४२२६३६६, ४२२८२९८

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रकः एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**